नेपाल सरकार
गृह मन्त्रालय
# जिल्ला प्रशासन कार्यालय
ताप्लेजुङ

Website: daotaplejung.moha.gov.np
E-mail - taplejungprashasan@gmail.com
☎ ०२४-४६०१९१

प.सं. ०८१/०८२
चनं. १३५३

मिति : २०८१।१०।३०
ने.सं. ११४५ सिल्लाथ्व, १५ बुधबार

विषय : आवश्यक व्यवस्था सम्बन्धमा।

श्री स्थानीय तह सबै,
ताप्लेजुङ।

प्रस्तुत विषयमा गृह मन्त्रालय, स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखाको च.नं. ८४४ मिति २०८१।१०।३० गतेको पत्र यसैसाथ संलग्न राखी पठाइएको छ। व्यहोरा पत्रबाटै अवगत गर्नु भई आवश्यक जानकारीको व्यवस्था मिलाउनुहुन अनुरोध छ।

२०८१।१०।३०
..........................
नेत्र प्रसाद शर्मा
प्रमुख जिल्ला अधिकारी

बोधार्थ
श्री गृह मन्त्रालय,
स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा,
सिंहदरवार, काठमाडौं ।

नेपाल सरकार

# गृह मन्त्रालय

स्थानीय प्रशासन तथा प्रदेश समन्वय शाखा

☎ ०१-४२०००३
०१-४२११२१६
फ्याक्स ०१-४२११२१६
ईमेल localadmin@moha.gov.np
सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्या:- स्था.स.प्र.प्र.०८१।०८२
प्राप्त पत्र संख्या र मिति:-
च.नं.:- ८४४

मिति: २०८१।१०।३०
ने.सं.११४५ सिल्लाथ्व

श्री जिल्ला प्रशासन कार्यालय,
सबै ।

विषयः परिपत्र सम्बन्धमा ।

उपर्युक्त विषयमा मानव बेचबिखन एवं आपराधिक गतिविधिहरूमा संलग्न गिरोहहरूले नेपाली नागरिकहरूलाई आकर्षक वैदेशिक रोजगारीमा लगाइदिने प्रलोभनमा पारी कम्बोडिया, लाओस र म्यानमारमा लगी जबरजस्ती अवैध कार्यहरूमा लगाउने, राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिने लगायतका समस्याहरू बढ्दै गइरहेका कारण सो सम्बन्धमा आमजनतालाई सुसूचित गराउने उद्देश्यले जारी गरिएको थाईल्याण्ड र म्यानमार यात्रा सम्वन्धी सूचना (Travel Advisory) परराष्ट्र मन्त्रालय, दक्षिणपूर्व एशिया तथा प्रशान्त महाशाखाको च.नं. SEAP/५७४५, मिति २०८१।०९।०८ गतेको पत्र साथ प्राप्त भएकोले उक्त सूचना (Travel Advisory) तहाँको जानकारी तथा प्रचारप्रसारको लागि यसैसाथ संलग्न राखी पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध छ ।

सन्तोष प्रधान
शाखा अधिकृत

नेपाल सरकार
परराष्ट्र मन्त्रालय
काठमाडौं, नेपाल

२०८१/०९/०८
२३ डिसेम्बर २०२४

## थाईल्याण्ड र म्यानमार यात्रा सम्वन्धी सूचना (Travel Advisory)

थाईल्याण्ड र म्यानमारमा सूचना प्रविधि (IT) का क्षेत्रमा आकर्षक तलब र सुविधा दिने भनी विभिन्न प्रलोभनहरु देखाई नेपालमा रहेका तथा वैदेशिक रोजगार र अध्ययनको सिलसिलामा युएई लगायतका मुलुकहरुमा रहेका नेपालीहरूलाई थाइल्याण्डको बैंकक र याङ्गुनको अन्तर्राष्ट्रिय विमानस्थलमा अवतरण गराई विभिन्न माध्यमबाट म्यान्मारको कायिन प्रान्तको म्यावडीमा लगी जबरजस्ती अवैध कार्यहरुमा लगाइएको विषयमा यस मन्त्रालयबाट २०७९ पौष महिनामा यात्रा सम्बन्धी सूचना (Travel Advisory) जारी गरिएको थियो। तत्पश्चात् प्रलोभनमा परी उक्त क्षेत्रमा आउने नेपाली नागरिकहरुको संख्यामा कमी आएको थियो ।

हालका दिनहरुमा मानव वेचविखन एवं अन्य अपराधिक गतिविधिहरुमा संलग्न गिरोहहरुले नेपाली नागरिकहरुलाई कम्बोडिया, लाओस र म्यानमारमा लगी जबरजस्ती अवैध कार्यहरुमा लगाउने, रोजगारदाताले राहदानी खोसिदिने, १२-१३ घण्टासम्म काममा लगाउने, चरम यातना दिने, तलब नदिने लगायतका समस्याहरु रहेको जानकारी गराउँदै उद्धारका लागि नेपाली राजदूतावास याङ्गुन र बैंककमा आवेदन गर्ने नेपालीहरुको संख्यामा उल्लेखनीय रुपमा बढोत्तरी भैरहेको घटनाप्रति यस मन्त्रालयको गम्भीर ध्यानाकर्षण भएको छ। वैदेशिक रोजगारीमा लगाइदिने वा यस्तै प्रकृतिका अन्य प्रलोभनमा पारी ठूलो रकम लिई कुनै व्यक्तिलाई विदेशमा पुर्याई अलपत्र पार्ने एवं नेपाल सरकारको प्रचलित कानून बमोजिम निषेध गरिएका कार्यहरुमा संलग्न हुने वा यसखाले क्रियाकलाप गर्ने/गराउने कार्य कानून बमोजिम दण्डनीय भएकाले यस्ता गैरकानूनी कार्यहरु नगर्न/नगराउन र यसतर्फ सचेत रहन सम्बन्धित सबैमा हार्दिक अनुरोध छ ।

यस सन्दर्भमा म्यान्मार, थाइल्याण्ड, कम्बोडिया, लाओस लगायतका मुलुकहरुमा जान चाहने वा जाने तयारीमा रहनुभएका नेपाली नागरिकहरुलाई देहायका कुरामा उचित ध्यान दिन र सावधानी अपनाउन हुन अनुरोध गरिन्छ ।

१. अनलाइन जुवा, कल सेन्टर-फ्रड, क्रिप्टो-करेन्सी ठगी आदिमा संलग्न शंकास्पद आईटी फर्महरूले बैंककमा रोजगारीका अवसरहरूको प्रलोभन देखाई युवाहरूलाई ठगी गरिरहेको र पीडितहरूलाई गैरकानुनी रूपमा बैंकक हुँदै कम्बोडिया, लाओस र म्यानमार ल्याई बन्दी बनाएर काम गर्न लगाइएको पाइएको एवं थाइल्याण्ड र म्यानमारमा रोजगारीका विज्ञापनहरू प्रायः सामाजिक सञ्जाल प्लेटफर्महरू मार्फत विभिन्न स्थानका एजेन्टहरूद्वारा प्रस्तावित हुने भएकोले त्यस्ता सामाजिक सञ्जाल प्लेटफर्म वा अन्य श्रोतहरूमा प्रचार गरिएका नक्कली जागिरको प्रलोभनमा नपर्न हुन ।

२. वैदेशिक रोजगारमा जाने प्रयोजनका लागि भिजिट भिसामा यात्रा नगर्न हुन र रोजगारीको प्रस्ताव स्वीकार गर्नु अघि विदेशस्थित सम्बन्धित नेपाली नियोगमार्फत विदेशी फर्म/कम्पनी/रोजगारदाताहरूको बारेमा पर्याप्त जानकारी लिन तथा व्यक्तिगत रुपमा ती फर्म/कम्पनी/रोजगारदाताहरूको वेवसाइट चेकजाँच गर्नुहुन ।

३. उल्लिखित विषयहरु लगायतका सम्बन्धमा कुनै जानकारी लिनु परेमा नेपाली राजदूतावास, याङ्गुनका द्वितीय सचिव श्री गंगा सुन्दास (इमेल eonyangon@mofa.gov.np/sundasganga25@gmail.com;टेलिफोन नम्बर +95-01-9545880/01-9557168 र Hotline/Viber/Whatsapp No. +95 9251242051 /फेसबुक पेज Embassy of Nepal Yangon Myanmar) तथा नेपाली राजदूतावास, बैंककका प्रथम सचिव श्री खगराज पाण्डे (इमेल eonbangkok@mofa.gov.np/khagaraj.pandeya@mofa.gov.np; टेलिफोन नम्बर +66869915554 (Whatsapp) लाई सम्पर्क गर्न हुन र अन्य सान्दर्भिक जानकारी दूतावासको वेवसाइट https://mm.nepalembassy.gov.np र https://th.nepalembassy.gov.np मा हेर्न सकिने छ ।

सिंहदरवार, काठमाण्डौं, फोन नं. ४२००१८२-८६,फ्याक्स नं. ४२००१६०/४२००१६१
Website: www.mofa.gov.np, Email: info@mofa.gov.np